# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभिने तथा गाभ्ने अर्थात मर्जर सम्बन्धमा नेपाल राष्ट्र बैंकले तयार गरेको विनियमावलीको मस्यौदाबारे छलफल गर्न फागुन ९ गते काठमाडौंमा एक कार्यक्रमको आयोजना गरियो ।

वाणिज्य बैंकका अध्यक्ष तथा सिइओहरूका साथै डेभलपमेण्ट बैंकर्स एसोसियन र नेपाल वित्त कम्पनी सङ्घका पदाधिकारीहरूको सहभागिता रहेको उक्त कार्यक्रममा गभर्नर डा. युवराज खतिवडाले नेपाली वित्तीय बजारको पछिल्लो स्थितिले बैंक तथा वित्तीय संस्थाहरूको मर्जर आवश्यक रहेको देखाएको बताउनुभयो ।




अस्वस्थ प्रतिस्पर्धा निरुत्साहित गर्ने तर अधिकतम सार्वजनिक हित प्रत्याभूत हुने गरी बैंक तथा वित्तीय संस्थाहरू मर्ज गर्न सकिने धारणा राख्दै गभर्नर डा. खतिवडाले देशमा वित्तीय स्थायित्व कायम गर्न पनि बैंक तथा वित्तीय संस्थाहरूको मर्जर आवश्यक रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक श्री भाष्करमणि ज्ञवालीले नेपाल राष्ट्र बैंकले तयार पारेको मर्जर सम्बन्धी विनियमावलीको मस्यौदाका विषय वस्तु प्रस्तुत गर्नुभयो । मुलुकको बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व प्रबर्द्धन गर्नुका साथै बैकिङ तथा वित्तीय प्रणालीलाई सुरक्षित, स्वस्थ तथा सक्षम बनाउने, निक्षेपकर्ताहरूको हक हितको संरक्षण गर्दै लगानीकर्ताहरूको लगानी सुरक्षित गर्ने लगायतका मर्जरको उद्देश्य विनियमावलीमा रहेको उल्लेख गर्दै कार्यकारी निर्देशक श्री ज्ञवालीले मर्जरपछि बन्ने नयाँ संस्थालाई शाखा स्थापना, विपन्न वर्ग कर्जा, कर्जा तथा लगानी, स्तरोन्नति तथा कार्य क्षेत्र विस्तार सम्बन्धी व्यवस्थामा हुने छुटका साथै अन्य छुटको व्यवस्था गर्न लागिएको जानकारी दिनुभयो ।

सहभागी बैंकरहरूले नेपालमा बैंक तथा वित्तीय संस्थाहरूको मर्ज गर्ने बेला आएको विचार व्यक्त गर्नुभयो । मर्जर सकेसम्म स्वेच्छिक हुनुपर्ने उहाँहरूको सुझाब थियो । मर्जरका लागि करमा छुट लगायतका प्रोत्साहनको व्यवस्था सरकार र केन्द्रीय बैंकले मिलाउनुपर्ने सुझाब पनि उहाँहरूले दिनुभयो । विनियमावलीमा प्रस्ताव गरिएको मर्जर सम्बन्धी उच्च स्तरीय समितिमा धितोपत्र बोर्ड, कम्पनी रजिस्ट्रारको कार्यालय लगायतका संस्थाको पनि प्रतिनिधित्व हुनसके राम्रो हुने सुझाब पनि बैंकरहरूले दिनुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर श्री गोपालप्रसाद काफ्ले र सञ्चालक समितिका सदस्य श्री शम्भुशरण प्रसाद कायस्थको उपस्थिति रहेको थियो ।

मिति: २०६७ फागुन १० गते

गभर्नरको कार्यालय